# संघीय संसद
# राष्ट्रिय सभा
## चौथो अधिवेशन
## बैठक - ११
## सूचना पत्र - २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७६ जेठ ०८ गते बुधबार**

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको एघारौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **दिनको १:२५ बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले "शून्य समय" मा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई आफ्ना भनाइ राख्न समय दिनुभयो :

**मा. राजकुमार कुँवर**ले मदन भण्डारी लोकमार्ग गुल्मीको रिडीबाट मोडिएको र रिडीबाट तम्घास-पुर्कोट पुगी प्यूठानको मच्छे बिजुवार-चकचके हुँदै दाङतर्फ लगिएको भन्दै त्यसो गर्दा निकै घुमाउरो पर्ने र राज्यलाई पनि ज्यादा आर्थिक भार पर्ने भएकोले गुल्मीको रिडीबाट खर्ज्याङ हुँदै अर्घाखाँचीको सन्धिखर्क-विजुवार-सारी-रोल्पाको लिवाङ-सल्यान हुँदै दाङतर्फ सीधा लग्दा यसबाट सरकारको लगानीमा समेत बचत हुने र जनताले पनि सेवासुविधा प्राप्त गर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. रामपृत पासवान**ले वर्तमान संविधानलाई सर्वस्वीकार्य र सर्वोत्कृष्ट बनाउन सरकार र संविधान संशोधन पक्षधर राजनीतिक दलहरूबीच सहमति भए तापनि त्यस सम्बन्धमा सरकारको नीति तथा कार्यक्रममा समेत उक्त विषय नसमेटिनु दुःखद् भएको भन्दै सरकारले आफ्नो आधिकारिक धारणा सदन समक्ष पेश गर्नुपर्ने माग गर्नुभयो ।

**मा. रामलखन चमार**ले आजभन्दा तीन वर्ष अगाडि नै गरिब विद्यार्थीहरूले निर्व्याजी ऋण पाउने भनी बजेट आएको तर हालसम्म पनि यस सम्बन्धी कुनै कार्यविधि नबनेकोले गरिब विद्यार्थीले ऋण लिन पाउँछन् कि पाउँदैनन् भन्ने विषयमा सम्बन्धित मन्त्रालयले जवाफ दिनुपर्ने माग गर्नुभयो ।

**मा. विन्दा देवी आले राना**ले वर्तमान सरकार जनताको जिउज्यान तथा जनजीविकाप्रति गम्भीर नदेखिएको आरोप लगाउँदै पाँचथर जिल्लामा नौ जनाको विभत्स हत्या भएको रासायनिक मलको अभावले किसानहरूले तरकारी, मकै तथा चैते धानमा प्रयोग गर्न नपाएको भन्दै यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. विना पोखरेल**ले जंगली हात्ती नियन्त्रण गर्न थापिएका धराप तथा बिजुलीका तारमा परी जनताको ज्यान समेत गएको सुन्नमा आएकोले जनताको जिउधनको सुरक्षा गर्ने दायित्व समेतलाई ख्याल गरी हात्तीको आतङ्क नियन्त्रण गर्नको निम्ति उचित प्रविधि अवलम्बन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. डा. विमला राई पौड्याल**ले पाँचथर जिल्लामा २ परिवारको सामूहिक हत्या भएको घटनाप्रति शोक व्यक्त गर्दै हरेक हत्या, आतङ्क, हिंसा र बलात्कारमा दोषी हुनेहरू प्रायः डिप्रेशनमा परेका मानिसहरू हुने गरेको तथ्य उजागर गर्दै नेपालमा मनोसामाजिक परामर्शको निकै कम पहुँच रहेकोले अब हरेक स्थानीय तह र सबै प्रदेशमा मनोसामाजिक परामर्श केन्द्रको साथै मानसिक अस्पताल स्थापना गर्नुपर्नेतर्फ स्वास्थ्य मन्त्रालय र अर्थ मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. शान्ति कुमारी जिसी**ले बाग्लुङको बुर्तिबाङदेखि खर्बाङसम्म बडिगाड खोलाको किनारमा तटबन्ध गर्नको लागि आ.व. २०७६।७७ मा बजेट विनियोजन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. सिंहबहादुर विश्वकर्मा**ले शिक्षा हासिल गर्नुपर्ने उमेरका स-साना बालबालिकाहरू प्रायः होटलमा मजदुरी गर्दै भाँडा माझ्ने तथा गाडीमा खलासीको काम गर्ने गरेकाले ती बाल मजदुरहरूलाई त्यस्ता क्षेत्रबाट उद्दार गरी शिक्षाको मूलधारमा ल्याउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. हरिराम चौधरी**ले सुदूरपश्चिममा डीएपी मल र बिउविजनको अत्यावश्यक भएकोले यथाशीघ्र ती कृषि

सामग्री पुऱ्याउने वातावरण निर्माण गर्न सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो । त्यसैगरी वहाँले टिकापुर घटनासँग सम्बन्धित रेशम चौधरी सहित १२ जना हालसम्म पनि कारागारमा रहेका र उनीहरूको मुद्दा अगाडि बढिरहेकोले १७ लाख थारू जनसंख्यामा त्यसको प्रत्यक्ष प्रभाव पर्ने हुँदा ठूलो दुर्घटना नहोस् भन्नका लागि समयमा नै सचेत रहन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. हरिचरण शिवाकोटी**ले झापा जिल्लाको बिर्तामोडस्थित करिब २५०० विद्यार्थी अध्ययनरत मनमाया माध्यमिक विद्यालय वि.सं. २०२२ सालमा भूपालमानसिंह कार्कीले ११ कट्टा जग्गा उपलब्ध गराएपछि स्थापना भएको र सोको लिखत पनि रहेको तर जग्गा पास नभएकोले हाल आएर निजका परिवारले अदालतमा मुद्दा हाल्दा अदालतले निजहरूको नाममा फैसला सुनाएपछि हाल विद्यालय संकटमा परेकोले सरकारले मुआब्जा दिने नदिने विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय गृहमन्त्री रामबहादुर थापा**ले सार्वजनिक महत्वका विषयमा बोल्न समय माग गर्नु भएको जानकारी गराउँदै वहाँलाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय गृहमन्त्री रामबहादुर थापाले** सभा समक्ष दिनु भएको सार्वजनिक महत्वको विषयमा केन्द्रित रही स्पष्टिकरण माग गर्नु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई राष्ट्रिय सभा नियमावलीको नियम १९२ को उपनियम २ बमोजिम १ मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. अनिता देवकोटा
२. मा. जितेन्द्र नारायणदेव
३. मा. रमेश जंग रायमाझी
४. मा. रामपृत पासवान
५. मा. डा. विमला राई पौड्याल
६. मा. प्रकाश पन्थ
७. मा. हरिचरण शिवाकोटी

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले उठाउनु भएका जिज्ञासाका सम्बन्धमा स्पष्ट पार्न माननीय गृहमन्त्री रामबहादुर थापालाई समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरीराजमणि पोखरेललाई "शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल जेठ १३ गते सोमबार विहान ११:४५ बजे** बस्ने गरी दिनको १:५५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव